# राष्ट्रिय कृषक समूह महासंघ नेपाल

यसका सबै तह, त्यसका पदाधिकारी, सदस्यहरु कर्मचारीको

## आचार संहिता २०७१

राष्ट्रिय कृषक समूह महासंघ नेपालको विधान २०६८ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय कृषक समूह महासंघ नेपाल, यसका सदस्य संस्थाहरु, संस्थाका पदाधिकारी, सदस्य, एवं कर्मचारीको आचरण सम्बन्धमा राष्ट्रिय कार्य समितिको बैठक २०७१ जेष्ठ २१–२२ द्वारा पारित गरी यो आचार संहिता जारी गरिएको छ। यो आचार संहिताको परिपालन गर्ने गराउने दायित्व महासंघ र महासंघका सबै तह यसका सदस्य संस्थाहरु सबैको हुनेछ।

### १. सामाजिक जिम्मेवारी र पेशागत आचरण

१.१ हामी हाम्रो आत्म सम्मानको पेशाा कृषि प्रति सदैव वफादार रही कृषक अधिकारको अभियानमा अविचलित रुपमा निरन्तर अगाडी बढिरहनेछौ।

१.२ कृषि पेशामा आवद्ध भई उदाहरणीय कृषक हुने छौ।

१.३ महासंघ र यसका सदस्य संस्थाहरुले सामाजिक विकास गतिविधिहरुलाई उच्च प्राथमिकता दिने छौ।

१.४ कृषक सेवा, सार्वजनिक हितको संरक्षण र सम्बर्द्धनका लागि सदैव क्रियाशील हुनेछौ ।

१.५ महासंघको मूल्य, मान्यता र उद्देश्यका लागि राजनीति, धर्म, संस्कृति, वर्ण तथा जातजातिको संकीर्ण घेराभन्दा बाहिर रहेर काम गर्नेछौ।

१.६ पेशागत नैतिकता एवं मर्यादालाई उच्च प्राथमिकता दिनेछौ।

१.७ महासंघको नीति, नियाम मूल्य, मान्यता र विधानसम्मत आचरण गर्नेछौ।

१.८ सदस्यहरुले कुनैपनि क्रियाकलाप संचालन गर्दा वातावरण संरक्षण तथा जलवायु परिवर्तन र कृषि क्षेत्रमा पारेको प्रभाव प्रति सचेत भई जिम्बेवार नागरीकको भूमिका र संवेदशीलता प्रदर्शन गर्नेछौ।

१.९ महासंघ, तहगत संरचना र सदस्य संस्थाहरुले आफ्नो कार्यक्षेत्रमा कार्यसम्पादन गर्दा समावेशीकरणको सिद्धान्त र प्रकृयालाई आत्मसात गर्नुपर्दछ।

१.८ लोकतन्त्रका आधारभूत सिद्धान्तहरु र सामाजिक न्याय सम्बन्धी मूल्य र मान्यताहरुमा आँच आउने कुनैपनि कार्य गर्नुहुँदैन।

१.९ प्रत्येक तहका महासंघले आफ्नो लक्षित समुदायको नैतिकमूल्य, मान्यता, धर्म, भाषा, रीतिरिवाज, परम्परा र संस्कृतिप्रति संवेदनशील हुनुपर्दछ।

१.१०.महासंघका क्रियाकलापहरु, साना किसान, सिमान्तकृत किसान, भूमिहिन किसान र महिला किसान लक्षित र सामाजिक समावेशी, लैङ्गिकतामैत्री तथा बालश्रममुक्त हुनुपर्दछ।

---

### २. निरपेक्षता र तटस्थता

२.१ संस्थागत रुपमा कुनैपनि राजनीतिक दल वा दलगत राजनीतिक विचारको प्रचारप्रसार गर्ने, राजनीतिक प्रभाव पार्ने वा राजनीतिक पूर्वाग्रह राखेर काम गर्नु गराउनु हुँदैन, गराउने छैनौ।

२.२ संस्थागत रुपमा कुनैपनि धर्म, धर्म विशेषको अनुकुल वा प्रतिकुल हुने गरी प्रचारप्रसार वा विरोध गर्ने कार्य गर्नुहुँदैन ।

२.३ कुनैपनि जात, जाति, भाषा, वर्ण, धर्म, लिङ्ग, उमेर, शारीरिक अवस्था र क्षेत्रीयताका आधारमा भेदभाव वा पक्षपात हुने कार्य गर्नुहुँदैन ।

२.४ संस्थाको आन्तरिक तथा बाह्य श्रोत साधनको उपयोग, अवसर र वितरणमा विभेदजन्य व्यवहार गर्नुहुँदैन ।

### ३. सहयोगात्मक मानवीय व्यवहार

३.१ आफ्नो कार्यक्षेत्रको लक्षित समुदायका साना किसान, सिमान्तकृत किसान, भूमिहिन किसान र महिला किसान अपाङ्ग, बृद्ध-बृद्धा र समाजमा पछाडि पारिएका वर्ग, समुदाय र क्षेत्रप्रति सहयोगी व्यवहार गर्नुपर्दछ । गर्नेछौ ।

३.२ आफ्नो कार्यक्षेत्रमा कार्यरत सेवामुखी स्थानीय संघ, संस्था तथा व्यक्तिहरुलाई उनीहरुको कार्यमा स्रोत साधनले भ्याएसम्म सहयोग गर्नुपर्दछ, गर्नेछौ ।

३.३ मानवीय सेवा, सहायता तथा यस प्रकारका क्रियाकलापहरुको प्रवर्द्धन र विकासमा सदैव प्रयासरत रहनुपर्दछ

### ४. आन्तरिक सुशासन, पारदर्शिता र जवाफदेहिता

४.१ महासंघ, तहगत संरचना र सदस्य समूह/संस्थाहरुले विधिको शासनको सिद्धान्तलाई आत्मसात गरी संस्थाका क्रियाकलापहरु सञ्चालन गर्नुपर्दछ ।

४.२ महासंघको तहगत संरचना, विधान, अन्य नियमावली र मूल्य मान्यतामा आधारीत रही सदस्य समूह/संस्था, गा.वि.स महासंघ, जिल्ला महासंघ, समन्वय समिति र केन्द्रिय महासंघ विच पूर्ण अनुशासित,जवाफदेहि र उत्तरदायि रहनेछौ ।

४.३ सरकार, सर्वसाधारण नागरिक, सहयोगी संस्था, साझेदार निकाय, लाभग्राही तथा अन्य सरोकारवाला निकायहरुसँग व्यवहार गर्दा पारदर्शी ढंगले गर्नुपर्दछ । गर्नेछौ ।

४.४ बित्तीय कारोवार, विधि विधान एवं कार्य प्रणाली, कार्यकारी बोर्ड र साझेदारी निकायहरु सम्बन्धी सम्पूर्ण सूचनाहरु सधैं खुल्ला र सबैको पहुँचमा हुनुपर्दछ । बनाउनेछौ ।

४.५ महासंघ, तहगत संरचना र सदस्य समूह/संस्थाहरुका कार्यहरु र श्रोत साधनहरुको उपयोगिताबारे सामाजिक परीक्षण तथा सार्वजनिक लेखापरीक्षण लगायतका विधिहरु मार्फत नियमित रुपमा सार्वजनिक जानकारी गराउनुपर्दछ ।

४.६ आफ्ना काम तथा निर्णयहरुको सन्दर्भमा आफ्ना सहयोगी निकाय, सरकार,लाभग्राही समुदाय, सदस्य तथा साझेदार निकायहरुप्रति पनि उत्तिकै जवाफदेही हुनुपर्दछ ।

४.७ महासंघ र सदस्य संस्थाहरुबाट प्रवाह हुने कुनैपनि सूचना सत्य र सही हुनुपर्दछ ।

४.८ केन्द्रिय कार्यसमिति, जिल्ला कार्य समिति, गाउं र समूहगत तह, कर्मचारी, साझेदार वा सेवाप्रदायकबाट भएका कार्य गलत देखिएमा तत्काल सच्याउनु पर्दछ र पुनः गल्ती नगर्ने पाठ सिक्नु पर्दछ । सिक्नेछौ ।

४.९ आन्तरिक लोकतन्त्र, र सुशासनको विकास गरी आफ्ना सबै तहमा समानुपातिक र समावेशी प्रतिनिधित्वको सिद्धान्तलाई अंगीकार गर्नुपर्दछ ।

४.१० पछाडि पारिएको वर्ग, क्षेत्र र समुदाय, साना किसान, सिमान्तकृत किसान, भूमिहिन किसान र महिला किसान प्रतिनिधित्वलाई सुनिश्चित गर्न गराउन सकारात्मक विभेदको सिद्धान्तलाई अवलम्बन गर्नुपर्दछ ।

४.११ महासंघको तहगत संरचना, विधान, अन्य नियमावली र मूल्य मान्यतामा आधारीत रही सदस्य समूह/संस्था, गा.वि.स महासंघ, जिल्ला महासंघ, समन्वय समिति र केन्द्रिय महासंघ विच जवाफदेहि र उत्तरदायि रहनेछौ

## ५. आर्थिक अनुशासन

५.१ कुनै दातृ निकायबाट वित्तीय वा अन्य कुनै प्रकारको सहयोग लिंदा संस्थाका उद्देश्य तथा सिद्धान्तहरुलाई योगदान पुग्नेगरी र राज्यको विद्यमान कानून बमोजिम प्राप्ती गर्नुपर्दछ ।

५.२ महासंघका वार्षिक बजेट, महाधिवेशन, परिषद आफ्नो पारित गराई स्वीकृत बजेट अनुसार मितव्ययी ढंग र न्यूनतम खर्च र अधिकतम प्रतिफलको सिद्धान्तमा आधारीत रही संचालन हुनुपर्दछ । गर्नेछौ

५.३ संस्थाको कुनैपनि चल अचल सम्पत्ति आफ्नो मनोमानी खर्च गर्ने, व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्ने, मास्ने वा हानी नोक्सानी हुने कार्य गर्नुहुँदैन । गर्दैनौ ।

५.४ संस्थाको नीति नियमले तोकेभन्दा बढी वा नियममा उल्लेख नभएको रकम वा सुविधा आफुखुशी माग गर्ने र उपयोग गर्नुहुँदैन, गर्दैनौ ।

५.५ महासंघका हरेक तहले वित्तीय कारोवारको आन्तरिक नियन्त्रण र परीक्षणका लागि प्रचलित कानून बमोजिम उपयुक्त नियन्त्रण प्रणाली र लेखापरीक्षण गर्ने पद्धति अभ्यासमा ल्याएको हुनुपर्दछ ।

५.६ महासंघको हरेक तहका आर्थिक कारोबार प्रचलित नियम, कानून र विधिसम्मत ढङ्गले अधिकारप्राप्त अधिकारीद्वारा प्रमाणित गरी चुस्त दुरुस्त अभिलेख राख्नु पर्दछ ।

## ६. स्वायत्तता तथा आपसी सद्भाव

६.१ महासंघ कहिल्यै पनि सरकार, अन्तर सरकारी निकाय वा कुनै अन्तरराष्ट्रिय संघ संस्थाको अंग वा उनीहरुबाट प्रत्यक्ष नियन्त्रित हुनुहुँदैन ।

६.२ महासंघको मूल्य, मान्यता र उद्देश्यमा आँच नआउने गरी महासंघको नीति,नियाम, निर्देशिका र आचार संहिताले दिएको अधिकारको प्रयोग गरी महासंघका पदाधिकारी/सदस्यहरुले आफ्नो विचार राख्नु पर्दछ । तर यसरी आफ्नो विचार प्रकट गर्दा अरुलाई व्यक्तिगत रुपमा आक्षेप लगाउने कार्य गर्नुहुँदैन ।

६.३ महासंघका सबै तह, पदाधिकारी, सदस्य, कर्मचारीहरुले महासंघकोको हकहितको संरक्षण,प्रवर्धन र पक्षपोषणको कार्य गर्नुपर्दछ ।

६.४ कुनैपनि निकायबाट बित्तीय तथा अन्य कुनै खालको सहयोग लिंदा संस्थाको उद्देश्य, मूल्य मान्यता तथा निर्देशक सिद्धान्तहरुलाई सहयोग पुग्नेगरी लिनुपर्दछ ।

## ७. आत्मनिर्भरता तथा दिगोपना

७.१ महासंघको अभियानलाई निरन्तर रुपमा अगाडि बढाउन महासंघले आफ्नो गतिविधिहरु सञ्चालन गर्दा आत्मनिर्भरता र दिगोपनाका लागि आवश्यकतानुसार अल्पकालीन र दीर्घकालीन कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

७.२ संस्थाको संस्थागत विकासतर्फ प्रत्येक सदस्य र सदस्य समूहलेले रचनात्मक रुपमा निरन्तर भूमिका खेल्नुपर्दछ ।

## ८ मानव संसाधन ब्यवस्थापन

८.१ महासंघले कर्मचारी वा अन्य मानवीय श्रोत ब्यवस्थापन गर्दा संस्थाको उद्देश्यप्रति प्रतिबद्ध हुने योग्य, सक्षम र जिम्मेवार व्यक्तिहरु मात्र छनौट गर्नुपर्दछ ।

८.२ मानव संसाधनको ब्यवस्थापन कर्मचारी प्रशासन नियामावलीले ब्यवस्था गरे बमोजिम गर्नु हुनुपर्दछ ।

८.३ महासंघले आफ्ना सदस्य तथा कर्मचारीहरुलाई व्यक्तित्व विकास गर्ने अवसर वा वातावरण दिनुपर्दछ ।

८.४ महासंघले कार्यकारी समिति, कर्मचारी छनौट र परिचालन गर्दा समानुपातिक र समावेशी सिद्धान्तलाई अंगीकार गर्नुपर्दछ ।

**९. समन्वय र सहकार्य**

९.१ आफ्नो कार्यक्षेत्रभित्र रही राष्ट्रिय र स्थानीयस्तरका विभिन्न सरकारी, गैरसरकारी तथा अन्य संघ संस्थाहरु वा लाभग्राही र अन्य सरोकारवालाहरुसँग समन्वय कायम गरी कार्य गर्नुपर्दछ ।

९.२ समान उद्देश्य तथा कार्यक्रम भएका विभिन्न संघ संस्था एवं सञ्जालहरुसँग समान सम्बन्धको आधारमा सम्पर्क, समन्वय र साझेदारीको विकास गर्नुपर्दछ ।

९.३ महासंघको उद्देश्य, पूरा गर्ने क्रममा कामहरुको दोहोरोपना वा एक अर्काप्रति अवरोध वा निषेध गर्ने जस्ता कार्यहरुबाट महासंघका सबै तह पूर्ण रुपमा सचेत र मुक्त हुनुपर्दछ ।

९.४ राष्ट्रिय कृषक समूह महासंघ नेपालका केन्द्रीय, क्षेत्रीय तथा जिल्ला कार्य समितिहरु र सबै तहसंगसँग आवश्यक सम्पर्क र समन्वय कायम गरी महासंघका गतिविधिहरु अगाडि बढाउनु पर्दछ ।